# स्थानीय राजपत्र

बेसीशहर नगरपालिकाद्धारा प्रकाशित

खण्ड १, संख्या १०, श्रावण ३ गते, २०७५ साल

**स्थानीय सरकार सञ्चालन ऐन,** २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

# भाग १

## बेसीशहर नगरपालिकाको नगर प्रहरी नियमावली २०७५

नगरसभाबाट पारित मिति : २०७४ आषाढ १४ गते

प्रमाणिकरण मिति : २०७५/०४/०१

**प्रस्तावनाः**

बेसीशहर नगरपालिकाको शान्ति सुव्यवस्थामा सहयोग पुऱ्याउन तथा नगरवासीको नगरलाई स्वच्छ र सफा राख्ने चाहना पूर्ति गर्दै नागरिकको स्वच्छ वातावरणमा वाच्न पाउने हकको प्रत्याभूति दिन र जीउधनको सुरक्षा प्रदान गर्न वाञ्छनीय भएकाले नेपालको संविधान धारा २७६ अनुसूचि ८ ले दिएको अधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ दफा

११ को २ (क) ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरपालिकाको नगर सभाबाट नगर प्रहरी नियमावली २०७५ बनाई लागु गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निमावलीको नाम बेसीशहर नगरपालिकाको नगर प्रहरी सम्बन्धी नियमावली २०७५ रहेको छ ।

(२) यो नियमावली नगर सभाले पारित गरी प्रमाणिकरण भएका मिति देखी लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) “ऐन” भन्नाले स्थानीय शासन संचालन ऐन २०७५ लाई संभ्कनु पर्दछ ।

(ख) “नगरपालिका” भन्नाले बेसीशहर नगरपालिकालाई सम्भ्कनु पर्दछ ।

(ग) “कार्यालय” भन्नाले बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्भ्कनु पर्दछ ।

(घ) “समिति” भन्नाले बेसीशहर नगरपालिकाको पदपूर्ति समितिलाई सम्भ्कनु पर्दछ ।

(ङ) “नगर प्रहरी” भन्नाले बेसीशहर नगरपालिकाबाट नियूक्त प्रहरी कर्मचारीलाई सम्भ्कनु पर्दछ ।

(च) “नगरसभा” भन्नाले बेसीशहर नगरपालिकाको नगरसभालाई सम्भ्कनु पर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बेसीशहर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम

गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

(ज) “जवान” भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ।

(झ) “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ।

(ञ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले बेला बेलामा नगरपालिकाले निर्णय गरि तोकिएको वा तोकिए बमोजिमका कार्य वा विषयलाई सम्झनु पर्छ।

**३. नियमावलीको व्याख्या नगरपालिकाले गर्नेः** (१) कुनै अधिकारीले यस नियमावलीको प्रयोग गर्दा कुनै व्यक्ति वा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ।

(२) नियम ३ (क) को सम्वन्धमा नगर कार्यपालिकले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४. नगर प्रहरी सेवाको गठन :** (१) नगरपालिकामा एक नगर प्रहरी सेवा रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या नगर कार्यपालिकाले समय समयमा तोकिएबमोजिम हुनेछ।

२) नगरपालिकाको अधिकार : नगर प्रहरीको रेखदेख र नियन्त्रण गर्ने र नगर प्रहरीलाई निर्देशन दिने अधिकार नगरपालिकालाई हुनेछ र नगरपालिकाको आदेश र निर्देशन पालन गर्नु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**५. नगरपालिकामा रहने नगर प्रहरीको पद र तह** : १) नगरपालिकामा नगर प्रहरी परिचर र जवान देखि नगर प्रहरी निरीक्षक सम्मको पद र तह रहनेछन ।

२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरी प्रमुख र शाखा प्रमुख तथा अन्य प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार अनुसूची १ र २ मा उल्लेख गरे वमोजिम हुनेछ ।

## परिच्छेद - ३

## तह विभाजन र पद तथा उमेदवारको लागि योग्यता

**६. पद श्रृजना तथा दरवन्दी खारेज** : (१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी नगरकार्यपालिकाले समय समयमा निर्णय गरे वमोजिम हुनेछ ।

(२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौज्जुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा

प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**७. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु :** नगर प्रहरीको देहायका पदहरुको पूर्ति साधारणतया खुल्ला प्रतियोगिताद्वारा नियुक्ति हुनेछ र करार सेवामा लिइ पद पूर्ति गर्न सकिनेछ ।

१) नगर प्रहरी निरीक्षक वा अधिकृतस्तर छैठौं तह

२) नगर प्रहरी नायव निरीक्षक वा जुनियर अधिकृतस्तर पाचौं तह

३) नगर प्रहरी सहायक निरीक्षक वा चौथो तह

४) नगर प्रहरी हवल्दार वा तेस्रो तह

५) नगर प्रहरी जवान वा दोस्रो तह

६) नगर प्रहरी परिचर वा पहिलो तह

**८. नियुक्ति गर्ने अधिकारी** : पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

**९. पदपूर्ति गर्ने तरिका :** (१) नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक लगायतका पदहरु हाललाई करार सेवामा लिइ पदपूर्ति गरिनेछ ।

(२) नगरपालिकाले दफा ७ मा उल्लेखित पदहरु मध्ये पहिलो पटकका लागि सबै वा आवश्यकता अनुसारका पदहरुको विज्ञापन गरी पदपूर्ति गर्न सक्नेछ ।

**१०. नया नियक्तिका आधार** : नगर प्रहरी निरीक्षक वा अधिकृतस्तर छैठौ र नगर प्रहरी नायव निरीक्षक पदमा नियक्तिका लागि देहाय वमाजिमका आधारमा छनाट गरिनेछ ।

(क) शैक्षिक योग्यता

(ख) वौद्धिक क्षमता

(ग) शारीरिक तन्दुरुस्ती

(घ) आचरण

(ङ) उमेर

(च) व्यक्तित्व

**११. उमेदवार हुनको लागी योग्यता** : (१) नगर प्रहरीको लागि आवश्यक शैक्षिक योग्यता, शारिरीक तन्दुस्ती लगायतका देहाय अनुसारको योग्यता हुनु पर्नेछ ।

(क) नगर प्रहरी नायव निरिक्षक वा जुनियर अधिकृत पाँचौ तह देखी माथिल्लो पदका लागी एस.एल.सी. वा सो सरह उर्तिण गरी सेना वा प्रहरीमा सोही स्तर वा माथिल्लो स्तरको सेवाबाट निवृत्ति भएका वा उपदान लिएर राजिनामा गरेका वा सो क्षेत्रमा तालिम प्राप्त गरी ४५ वर्ष उमेर ननाघेको ।

(ख) नगर प्रहरी सहायक निरिक्षक वा सहायक स्तर चौथो तह र प्रहरी हवल्दार वा तेस्रो तहका लागि एस.एल.सी. वा सो सरह उर्तिण गरी सेना वा प्रहरीमा सोही स्तर वा माथिल्लो स्तरको सेवाबाट निवृत्ति भएका वा उपदान

लिएर राजिनामा गरेका वा सो क्षेत्रमा तालिम प्राप्त गरी ४५ वर्ष उमेर ननाघेको ।

ग. नगर प्रहरी जवान तथा सो भन्दा मुनीको पदका लागी आधारभुत शिक्षा वा सो सरह उर्तीण गरी १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको ।

(२) उपदफा(१) को (क) र (ख) बमोजिमका पदमा नियुक्त गर्दा नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत्त भएका वा उपदान सेवा लिई राजिनामा गरेका वा राजिनामा गरेका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईने छ ।

## परिच्छेद ४

## पदपूर्ति समिति र पदपूर्ति कार्यविधि

**१२. पदपूर्ती समितिको गठनः** (१) नगर कार्यपालिकाको वैठकले नगर प्रहरी पदपूर्ती समितिको गठन गर्न सक्नेछ । तर पदपूर्ती समिति गठन हुन नसकेको अवस्थामा स्थानीय सेवा ऐनमा रहेको पदपूर्ती समिति वा स्थानीय तहका करार सेवामा कर्मचारी भर्ना सम्वन्धी कार्य विधि अनुसारको पदपूर्ति समितिले नै नगर प्रहरी पदपूर्ती समितिको कार्य गर्न सक्नेछ ।

**१३. पदपूर्ती समितिको काम, कर्तव्य र अधिकारः** (१) पदपुर्ति समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. खुल्ला प्रतियोगिताद्वारा पुर्ति हुने पदका पाठ्यक्रम निर्धारण गर्ने,

ख. पदपुर्ति कार्यतालिका बनाउने,

ग. परिक्षाका किसिम राख्ने,

घ. पदपुर्तिका लागी विज्ञापन प्रकाशन गर्ने,

ङ. परिक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

च. नियुक्तिका लागी सिफारिस गर्ने,

**<u>१४. पदपूर्ति सम्वन्धी कार्यविधि</u>** : १ नगर प्रहरीको खुला पदबाट पदपूर्ति गर्दा पदपूर्ति समितिले लोकसेवा आयोगको खुलापदहरु पदपूर्ति गर्दा अपनाइने समान्य विधि र प्रक्रिया अवलम्वन गर्नेछ ।

(२) अन्य स्पष्ट नभएका विषयका सम्वन्धमा पदपूर्ति समितिले नै आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

**१५. पदपूर्तिको विज्ञापन सम्बन्धी व्यवस्था :** (१) पदपुर्ति समितिले पदपुर्तिका लागी विज्ञापन प्रकाशन गर्दा पत्रिकामा कम्तिमा १५ दिनको म्याद दिई देहायका विषय समेत खुलाई प्रतियोगिताका लागी विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

क. पदको नाम,

ख. आवश्यक संख्या (खुला र समावेशी अलग अलग देखिने गरी)

ग. दरखास्त दिने अन्तिम मिति र स्थान

घ. दरखास्त दस्तुर,

ङ. परिक्षा दस्तुर,

च. आवश्यक न्यूनतम शैक्षिक योग्यता,

छ. पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु

ज. सम्पर्क मिति र स्थान,

झ. परिक्षाका तरिकाहरु,

ञ. अन्य शर्तहरु

(२) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले एउटा पदका लागी समावेशी वा खुलातर्फ दरखास्त दिन सक्नेछन ।

(३) उपनियम (२) बमोजिम दरखास्त पेश गर्ने व्यक्तिले प्रत्येक थप खुल्ला तथा समावेशी समूहका पदका लागी परिक्षा दस्तुरको थप ५० प्रतिशत रकम दस्तुर बुझाउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले खुला प्रतियोगितात्मक परिक्षाद्धारा पुर्ति हुने पदका लागी निर्धारित दरखास्त फाराम भरी परिक्षा दस्तुर सहित विज्ञापनमा तोकिएको स्थान र समयमा बुझाउनु पर्नेछ ।

(५) समाबेसी प्रावधानका सम्वन्धमा समान्यत नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुनेछ । तर सेवा करारमा लिइ नगर प्रहरी कर्मचारी नियुक्ती हुने भएमा समावेशीयताको आधार पदपूर्ति समितिले विज्ञापन गर्दाको समयमा तोके बमोजिम हुनेछ ।

(६) पदपुर्ति समितिबाट विज्ञापन प्रकाशित भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परिक्षाको नतिजा प्रकाशन हुनुभन्दा अगावै सो पदपुर्ति समितिले सार्वजनिक रुपमा सुचना प्रकाशन गरी सोही विज्ञापनमा संख्या समेत थप गर्न सक्नेछ ।

**(१६) उमेदवारको दरखास्त फाराम र प्रवेशपत्रका ढाँचा :** (१) उमेदवारको दरखास्त फाराम र प्रवेशपत्रको ढाँचा लोकसेवा आयोगद्वार निर्धारित गरिएको ढाँचालाई नै प्रयोगमा ल्याइनेछ ।

(२) उम्मेदवारले कारणवश प्रवेशपत्र हराएको भनी निवेदन पेश गरेमा पदपूर्ति समितिले तोकेको दस्तुर लिई प्रवेशपत्रको प्रतिलिपि उपलब्ध गराई परिक्षामा सामेल गराउन सक्नेछ ।

**१७. अन्तर्वाता समितिको गठन** : पदपुर्ति समितिले एकजना अध्यक्ष र २ जना सम्बन्धित विषयका दक्ष वा विशेषज्ञ समेत गरी कम्तिमा तिन जना सदस्य रहेको अन्तर्वाता समिति गठन गर्न सक्नेछ ।

**१८ अन्तिम नतिजा प्रकाशन :** (१) पदपुर्ति समितिले छनौट सम्बन्धि सम्पुर्ण प्रक्रिया सम्पन्न भएपछि सबभन्दा बढी अंक प्राप्त गर्ने उमेदवारहरुको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम नतिजा प्रकाशन गर्दा उमेदवार उपलब्ध भएसम्म रिक्त पदका २५ प्रतिशत वा घटिमा दुई जना योग्यताक्रम अनुसार वैकल्पिक उमेदवारको सूचि समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) नियुक्तीका लागि सिफारिस भएका उम्मेदवार तोकिएको समयभित्र नियुक्ती लिन नआएमा वा त्यस्ता पदमा नियुक्त भएको ६ महिनाभित्र पद रिक्त हुन आएमा वा नियुक्त भएका उम्मेदवारको काम सन्तोषजनक नभएमा वैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारलाई योग्यता क्रमानुसार नियुक्ती गर्न सकिनेछ ।

**१९. नियुक्ति सम्वन्धी व्यवस्था** : (१) पदपूर्ति समितिबाट योग्यता परिक्षामा छनौट भएका उमेदवारहरु नियुक्तिको लागि सिफारिस भए बमोजिम सिफारिस भएको मितिले ७ दिन भित्र दफा दफा ८ बमोजिम नगरपालिकाले नियुक्ती वा सेवा सेवा करारको सम्झौता गर्नेछ ।

(२) नियुक्तीका लागि सिफारिस भएका उम्मेदवार तोकिएको समयभित्र नियुक्ती लिन नआएमा वा त्यस्ता पदमा नियुक्त भएको ६ महिनाभित्र पद रिक्त हुन आएमा वा नियुक्त भएका उम्मेदवारको काम सन्तोषजनक नभएमा वैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारलाई योग्यता क्रमानुसार नगरपालिकाले नियुक्ती वा करार सम्झौता गर्न सकिनेछ ।

**२०. परीक्षणकालमा राखिने** : (१) नयाँ नियुक्त गरिएका कुनै पनि पद र तहका नगर प्रहरी कर्मचारीलाई एक वर्षका लागि परीक्षणकालमा राखिनेछ । सो अवधिमा त्यस्तो नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा अन्य नगर प्रहरीको हकमा नगर प्रहरी प्रमखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतले निजलाई कामकाजमा सुधार ल्याउन सचेत गराउदै थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ ।

(२) नियम २० (१) वमाजिम थप भएका परीक्षणकालमा रहको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाइ नियक्ति गर्ने अधिकारीले अवकास दिनेछ ।

## परिच्छेद ५
## विविध

**२१. नगर प्रहरीको सेवा सुविधा :** (१) नगर प्रहरी कर्मचारीको सेवा सुविधा, चाड पर्व खर्च तथा अन्य सेवा सुविधाका सम्वन्धमा नगर कार्यपालिकाले बेला बेलामा निर्णय गरी तोके बमोजिम हुनेछ ।

**२२. विदा :** (१) करार सेवामा नियुक्त नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफनो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी वोलाई काममा लगाउन सक्नेछ ।

**२३. आचर सम्वन्धी विषय :** नेपाल सरकार तथा प्रदेश सरकारबाट कुनै किसिमका कर्मचारीले पालना गर्ने गराउने भनि जारी भएका आचारण सम्वन्धि विषय पालना गर्नु गराउनु पनि नगर प्रहरीको कर्तव्य हुनेछ ।

नोकरीबाट हटाउने वा बरखास्त गर्नेः देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई **२४. सेवाबाट हटाउने वा करार सम्झौता भंग रद्द वा भंग सक्ने :** (१) देहायको अवस्थामा नगरपालिकाले नगर प्रहरीलाई सेवाबाट हटाउने वा सेवा करार सभ्झौता रद्द गर्ने सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न र दायित्व पूरा गर्न नसकेमा

ख) राजनीतिमा भाग लिएमा

ग) वरावर अनुशासनहीनताको काम गरेमा

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

च) भ्रष्टाचार गरेमा

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

ज) आचरणसम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

झ) मनासिव कारण नभई वा विदा नलिई ३० दिन भन्दा वढी विदा वसेमा वा गैरहाजिर भएमा ।

(२) कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउन तथा करार सम्झौता भंग गर्नु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने अवसर प्रदान गरिनेछ । पेश गरिएको स्पष्टिकरण चित्तबुझ्दो नभएमा सेवाबाट हटाइने वा करार सम्झौता भंग गरिनेछ ।

**२५. पोशाक** : नगर प्रहरीले आफ्नो कार्यालय समय भित्र वा डिउटी समय भित्र लगाउने पोशाक सम्वन्धमा अनुसूचि ३ मा तोकिए बमोजिमको पोशाक

उपलव्ध हुनेछ । उक्त पोशाक अनिवार्य रुपमा लगाइ डिउटी गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ ।

२६. **अन्य सुविधा :** नगरपालिकाले अन्य कर्मचारीहरुलाई दिईने सुविधाहरु नगर प्रहरीको हकमा पनि लागु हुनेछ ।

२७. **हेरफेर गर्न सक्ने :** यस नियमावलीमा उल्लेख भएका नगर प्रहरी सम्वन्धी पद तथा तह, पाउने सुविधा पोशाक लगायत अन्य विषय कार्यपालिकाले निर्णय गरि हेरफेर गर्न सक्नेछ ।

२८. **प्रचलित कानुन बमोजिम हुने :** यस नियमावलीमा लेखिए देखि वाहेक सवै कुरा नगरपालिकाको अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

२९. **अमान्य हुने :** यस नियमावलीमा लेखिएका कुराहरु नेपाल सरकारका संघीय कानुनको कार्यान्वयनमा कुनै तरहले बाझिएमा वाझिएको हदसम्म यस नियमावलीका कुरा अमान्य हुनेछन ।

## अनुसूची १

### (नगर प्रहरी प्रमुखको काम,कर्तव्य र अधिकार)

### नगरपालिका कार्यालय नगर प्रहरी प्रमुखको कार्य विवरण

१. आफ्नो  शाखा संगम्वद्ध कार्य नीति तथा कार्य योजना तर्जुमा गरी पेश गर्ने ।

२. शाखालाई तोकिएका कार्यहरुको प्रगति सम्वन्धमा नियमित
अनुगमन निरीक्षण गरी प्रभावकारी कार्य लागि निर्देशन दिने ।

३. आफनो शाखासँग सम्वन्धित विषयमा भएका नगरपालिकाका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

४. आफू मातहतका कार्यरत सबै कर्मचारीहरुको विवरण
अद्यावधीक गरी लागू गर्ने ।

५. आफू मातहत कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मुल्याकंन गर्ने ।

६. नगरपालिकाका क्षेत्रका सडक मार्गहरुमा आवगमनका लागि अवरोधहरु हटाउने व्यवस्था मिलउने ।

८. नगर क्षेत्रमा भौतिक निर्माण कार्य नियमित गराउन आवश्यक
सहयोग गर्ने र फोहरमैला व्यवस्थापनमा आई पर्ने व्यवधानहरु
हटाउन सहयोग पुराउने ।

९. नगरपालिकाबाट भए गरेका निर्णयहरु कार्यान्वयन गराउन आवश्यक बल

पुराउने ।

१०. नगरपालिकाको नीति नियम पालना गराउने कार्य गर्ने ।

११. नगरको नीति, नियम र निर्णय विपरीत कार्य भए गरेको सूचना प्राप्त हुना साथ नियन्त्रणमा लिइ कारवाही गर्ने र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई प्रतिवेदन गर्ने ।

१२. आफु मातहत कार्यरत कर्मचारीहरुलाई दण्ड तथा पुरस्कारको सिफारिस गर्ने ।

१३. आफनो शाखाहरुमा रहेका जिन्सी सामान, सवारी साधन लगायतका वस्तुहरुको अभिलेख राखी राख्न लगाई आवश्यक प्रतिवेदन समेत तयार गर्ने ।

१४. नगर प्रहरीको कार्य क्षेत्रभित्रका विषयहरुमा छलफल अन्तक्रिया, गोष्ठी र सेमिनार आदिको आयोजना गर्ने

१५. नगर प्रहरी शाखाका मातहतका कर्मचारीहरुलाई कार्यालय समय भन्दा बढी समय कामकाज गराउन पालो मिलाई सिफारिस साथ निर्णय गराई काममा लगाउने ।

१६. मातहतका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन गर्ने ।

१७. आफनो शाखाहरुसँग सम्वद्ध सबै किसिमका प्रशासनिक कार्य गर्ने, गराउने र सो को प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमा पेश गर्ने ।

१८. अन्य नगरपालिकाले तोकेको वा प्रत्यायोजित अधिकार अनुरुप गर्ने

## अनुसूचीः २

**(नगर प्रहरी शाखा अन्तर्गत अन्य नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार)**

नगर प्रहरीहरुले नगर प्रहरी प्रमुखको रेखदेख र नियन्त्रणमा देहाय बमोजिमका कार्यहरु (काम, कर्तव्य र जिम्मेवारी) गर्नु गराउनु पर्दछ।

१. अनुमति नलिई घर निर्माण गर्ने कार्य तथा अन्य गैर कानूनी निर्माण नियन्त्रण गर्न सहयोग गर्ने।

२. भवन निर्माण नियमित गराउन अनुगमन निरीक्षण गर्ने र त्यस्तो निर्माण कार्य गर्दा सार्वजनिक असर परेको देखिएमा निर्णयानुसार आवश्यक काम गर्ने।

३. सडकपेटी तथा सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, नाला, ढल, पोखरी उपर हुनसक्ने अतिक्रमण रोक्ने।

४. सार्वजनिक आवगमनमा बाधा पुग्ने गरी निर्माण सामाग्री राख्न रोक लगाउने।

५. सडकपेटी तथा सार्वजनिक अतिक्रमण गरी सार्वजनिक आवगमनमा हुने सबैखाले अतिक्रमण नियन्त्रण र कारवाही समेत गर्ने।

६. शहर भित्रका सवै पसलहरुमा मूल्य सूचि साथ राख्न लगाउने र नियमित अनुगमनगर्ने।

७. नाप तौलका ढक तराजुको अवस्था चेक जाँच गर्ने फरक परेमा कारवाहीको लागि पेश गर्ने ।

८. तोकिएको मापदण्ड अनुसार पेशा व्यवसाय भए नभएको चेक गरेर कारवाहीको लागि पेश गर्ने ।

९. छाडा गाईबस्तु नियन्त्रण गर्ने र आवश्यक कारवाही चलाउने ।

१०. नगरबासीलाई घर निर्माण सम्बन्धि मापदण्ड नीति नियमको पालना गराउने ।

११. सार्वजनिक असर पर्न सक्ने रुख, घर, पर्खाल आदी भत्काउन काट्न लगाउने ।

१२. नगरको फोहरमैला व्यवस्थापनमा सहयोग गर्ने ।

१३. शाखा अन्तर्गतका कर्मचारीहरुको दैनिक प्रशासनिक कार्य गर्ने ।

१४. आफ्नो क्षेत्र भित्र गैर कानूनी रुपमा टाँगिएको व्यानर तथा टासिएका पोष्टर पम्प्लेट निकाल्ने, उप्काउने ।

१५. नगरपालिकाको आन्तरीक सुरक्षा (कार्यालय, सम्पति र पदाधिकारी तथा कर्मचारी तथा कार्यालय सम्पतिको सुरक्षा व्यवस्था मिलाउने ।

१६. नगरपालिका भित्रका बिभिन्न शाखाबाट भए गरेको निर्णय नीति कार्यक्रमको कार्यान्वयनमा सहयोग पुरयाउने

१७. नगरपालिकाको काम कारवाहीमा सहजता ल्याउन न.पा.को निर्णयहरु कार्यान्वयन गराउने ।

१८. नगरको सम्पति सुरक्षाको लागि गस्तीको रुपमा खटी कार्य गर्ने ।

१९. नगरको शान्ति सुव्यवस्था कायम गर्ने कुरामा सहयोग पुऱ्याउने ।

२०. स्वास्थ्यको लागि हानिकारक चिज बस्तु वितरण गरेको फेला परेमा नियन्त्रण गर्ने ।

२१. नगर सुव्यवस्था कायम गर्न वडा कार्यालय, टोल, स्थानीय क्लब तथा संघ संस्थासंग मिलि जनपरिचालन गर्ने तथा जनचेतना जगाउने कार्य गराउने ।

२२. दृष्य तथा ध्वनी प्रदुषण लगायतका सवै खाले प्रदुषण नियन्त्रण गर्ने र कारवाही गर्ने ।

२३. शहरको ट्राफिक व्यवस्थापनमा सहयोग पुरयाउने ।

२४. नगर प्रहरी प्रमुखको प्रत्यक्ष निर्देशनमा आई पर्ने काम गर्ने ।

२५. नगरपालिकाले लगाएका अन्य आकस्मिक कार्यहरु गर्ने ।

## अनुसूची ३

### प्रारम्भिक पोशाक र सामान

| सि.नं. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | गरम मौसमको टेरिकटन सर्ट र पाइन्ट | २ | १ वर्ष |
| २. | व्यारेट क्याप | १ | २ वर्ष |
| ३. | सिठ्ठी र सिठ्ठी कर्ड | १ | २ वर्ष |
| ४. | वेभ वेल्ट | १ | ४ वर्ष |
| ६. | बुट | १ जोर | २ वर्ष |
| ७. | कुम व्याज | १ जोर | १० वर्ष |
| ८. | टोपी व्याज | १ | १० वर्ष |
| ९. | उनी कम्बल | २ | २ वर्ष |
| १०. | फरेस क्याप (अधिकृतलाई मात्र) | १ | १० वर्ष |
| ११. | वर्सादी | १ | ५ वर्ष |
| १२. | झ्ुल | १ | ४ वर्ष |
| १३. | उनी मोजा | १ जोर | १ वर्ष |
| १४. | उनी जर्सी | २ | ३ वर्ष |
| १५. | उनी सर्ट र पाईन्ट | २ | ३ वर्ष |
| १६. | उनी ट्राउजर | १ | ३ वर्ष |
| १७. | उन मोजा | १ जोर | १ वर्ष |
| १८. | उनी जर्सी | १ | ३ वर्ष |

| | | | |
|---|---|---|---|
| १९. | गरम पन्जा | १ जोर | २ वर्ष |
| २०. | उनी गन्जी र ट्राउजर | २ | २ वर्ष |
| २१. | उनी ज्याकेट | १ | ३ वर्ष |

**आज्ञाले,**
**भीम प्रसाद तिवारी**
**प्रमुख प्रशासकिय अधिकृत**